# आयकर फिर्ता

१) **के आयकर पनि फिर्ता हुन्छ ?**
फिर्ता हुन्छ ।

२) **आयकर कुन अवस्थामा फिर्ता हुन्छ ?**
कुनै व्यक्तिले आफुले दाखिला गर्नुपर्ने कर दायित्व भन्दा वढि हुने गरि कर दाखिला गरेमा र तिर्नुपर्ने कुनै कर वांकी वक्यौता नरहेमा वढि दाखिला गरेको रकम फिर्ता हुन्छ ।

३) **आयकर फिर्ताको लागि कति समय भित्र दावि गर्नु पर्छ ?**
दाखिला मितिले दुइ वर्ष भित्र फिर्ता माग गर्नुपर्छ ।

४) **दावि भएको कति समय भित्र फिर्ता पाईन्छ ?**
६० दिन भित्र ।

५) **तोकिएको समयमा फिर्ता नभएमा के हुन्छ ?**
आयकर ऐनले तोकेको सामान्य व्याजदर सहित फिर्ता हुन्छ ।

६) **आयकर फिर्ता कुन कार्यालयबाट पाउन सकिन्छ ?**
करदाता दर्ता भएको सम्वन्धित कार्यालय ।

७) **आयकर फिर्ताको लागि के गर्नुपर्छ ?**
करदाताले वढि दाखिला गरेको पुष्टि हुने कागजात सहित सम्वन्धित कार्यालयमा निवेदन दिनुपर्छ ।

८) **फिर्ता समयमा नभएमा गुनासो भएमा कहाँ उजुरी गर्ने हो ?**
सम्वन्धित कार्यालय प्रमुख वा आन्तरिक राजस्व विभाग समक्ष ।

९) **कस्ता कस्ता रकम फिर्ता दावि गर्न पाइदैन ?**
औषधी उपचार वापतको कर मिलानवाट वढि भएको रकम र वैदेशिक कर मिलान वापतको रकम ।